# रामग्राम नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

परासी, नवलपरासी (ब.सु.प.)
लुम्बिनी प्रदेश, नेपाल

मिति : २०८१/०३/१८

विषय : नदीजन्य पदार्थ (भस्कट ) लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना ।

यस रामग्राम नगरपालिकाको तपिसलको स्थानमा घाटगढ्ढी गरी राखिएको नदीजन्य पदार्थ (भस्कट ) जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्ने यस नगर कार्यपालिकाको मिति २०८१/०२/२५ गतेको निर्णय बमोजिम लिलाम बढाबढ गर्ने प्रयोजनका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| क्र.स. | ठेक्का नं. | क्षेत्र | विवरण | | न्यूनतम कबोल अंक रु. (भ्याट बाहेक ) | लिलाम बिक्री फारम दस्तुर रु. | धरौटी रकम |
|---|---|---|---|---|---|---|---|
| | | | परिमाण घ.फि. | दर प्रति घ.फी. रु. | | | |
| १ | 7/RAM/REV/2080-081 | सण्डा पुलको उत्तर पश्चिम, रामग्राम १ | १०८१०६.७४ | रु.४ | रु.४,३२,४२६.९६ | रु.१०००/- | कबोल अकको ५ प्रतिशत |
| २ | 8/RAM/REV/2080-081 | सण्डा पुलको उत्तर पूर्व ,रामग्राम १ | १७५१२९.९२ | रु.४ | रु.७,००,५१९.६८ | रु.१०००/- | कबोल अंकको ५ प्रतिशत |

शर्तहरु

१) लिलाम बढाबढको सिलबन्दी दरभाउपत्रको फाराम यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समय भित्र कार्यालयको राजश्व शाखामा रु.१००० -फिर्ता नहुने गरी) तिरी खरिद गर्न सकिनेछ । यसका लागि आ.व. ०८०/०८१ को नविकरण भएको फर्म दर्ता प्रमाण पत्रको प्रतिलिपी, , मुल्य अभिवृद्धिकर दर्ता प्रमाण पत्र, आ.व. ०७९/०८० को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी संलग्न गरी निवेदन दिनुपर्ने छ ।

२) न्यूनतम अंक माथि उल्लेख गरिए बमोजिम हुने छ । उक्त अंकमा अग्रिम आयकर र मुल्य अभिवृद्धि कर समावेश गरिएको छैन ।

...म बहादुर कुवँर
...शासकीय अधिकृत

रामग्राम नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

परासी, नवलपरासी (ब.सु.प.)

लुम्बिनी प्रदेश, नेपाल

३) कबोल रकम र धरौटी रकम अंक र अक्षर दुवैमा स्पष्ट बुझिने गरी उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ ।

४) सिलबन्दी दरभाउपत्र साथ आफुले कबोल गरेको अंकको ५% ले हुन आउने रकम राष्ट्रिय वाणिज्य बैंक परासी शाखमा यस कार्यालयको नाममा रहेको धरौटी खाता नं. ३१००१००३०३००००००२ ग-३ मा जम्मा गरेको सक्कलै भौचर संलग्न गरी पेश गर्नुपर्ने छ ।

५) यो सूचना प्रकाशित भएको मितिले १५ औं दिनकार्यालय समय भित्र यस कार्यालयमा दरभाउपत्र खरिद गरी सक्नु पर्नेछ र सूचना प्रकाशित भएको मितिले १६ औं दिन अपरान्ह १२:०० बजे भित्र यस कार्यालयमा सिलबन्दी फारम बुझाउनु पर्नेछ । सोही दिन बेलुका ५:०० बजे सिलबन्दी दरभाउपत्रदाता वा निजको प्रतिनिधीको उपस्थितीमा दरभाउपत्र खोलिने छ । प्रतिनिधी उपस्थित नभए पनि नियमानुसार सोही समयमा दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

६) दरभाउपत्र दर्ता मितिका दिन सार्वजनिक विदा परेमा सोको भोलि पल्ट वा कार्यालय खुलेको दिन क्रमश हुनेछ ।

७) कार्यालयबाट प्रमाणित नभएको र रित नपुगेको र म्याद नाघी आएको दरभाउपत्रलाई मान्यता दिईने छैन ।

८) लिलाम ठेक्का सकार गर्ने फर्मले नदीजन्य पदार्थ उठाई सक्नुपर्ने समयावधि लगायतका अन्य शर्तहरु द्विपक्षीय सम्झौता बमोजिम हुनेछ ।

९) लिलाम ठेक्का सकार गरे पछि नदीजन्य पदार्थ उठाउनको लागि आवश्यक जनशक्ति, सवारी साधन, उपकरण लगायतको प्रबन्ध ठेकेदार स्वयम्ले गर्नुपर्ने छ ।

१०) लिलाम ठेक्का सदर गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित हुनेछ ।

११) लिलाम गर्ने नदीजन्य पदार्थ हाल जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नुपर्ने हुनाले लिलाम बढाबढमा सहभागी हुनेले सिलबन्दी दरभाउपत्र पेश गर्नु अधि आफुले सिलबन्दी दरभाउपत्र पेश गर्ने क्षेत्रको स्थलगत निरिक्षण गरी सिलबन्दी दरभाउपत्र पेश गर्नुपर्ने छ । पछि परिमाण वा गुणस्तरको विषयमा कुनै प्रकारको वादविवाद गर्न वा मिनाहा छुटको दावी गर्न पाईने छैन ।

१२) लिलाम ठेक्का कबोल गरेको रकम, सोको अग्रिम आयकर र मुल्य अभिवृद्धि कर वापतको रकम एकमुष्ट रुपमा बुझाउनु पर्ने छ । अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ ।

१३)अन्य जानकारीको लागि नगर कार्यपालिकाको कार्यालयमा सम्पर्क नं. ९८५७०४५७१२ गर्न सकिन्छ ।

(यम बहादुर कुँवर)
प्रमुख प्रशासकीय अधिकृत

**यम बहादुर कुँवर**
प्रमुख प्रशासकीय अधिकृत